**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा सेमिकन इन्डिया २०२५ को दोस्रो दिन सेमीकन्डकटर क्षेत्रका विज्ञहरूसँग अन्तरक्रिया गर्नुभयो।

मुख्यमंत्री ममता बनर्जीले पवित्र करम पूजाको अवसरमा आदिवासी समाजलाई शुभकामना दिनु भयो।

भारतीय जनता पार्टीका शिर्ष नेताहरुले एक विशेष अभियान अन्तर्गत देशका विभिन्न राज्यहरूको भ्रमण गर्ने अनि त्यहाँ बसोबास गर्ने बङ्गाली भाषी प्रवासी श्रमिकहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने भएका छन्|

सशस्त्र सीमा बल (एसएसबी) ले तीन बांग्लादेशी नागरिकहरूलाई भारतमा अवैध रूपमा बसेको आरोपमा पक्राउ गरेको छ।

मिरिक महाबिधालयले आगमी 5 सेप्टेम्बरमा स्थपनाको रजत जयन्ती पालन गर्ने भएको छ।

**प्रधानमन्त्री - सेमिकन इन्डिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा सेमिकन इन्डिया २०२५ को दोस्रो दिन सेमीकन्डकटर क्षेत्रका विज्ञहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले प्रदर्शनीको भ्रमण गर्नुभयो र विभिन्न सेमीकन्डकटर सम्बन्धित उत्पादनहरू र परियोजनाहरू अवलोकन गर्नुभयो। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णव पनि यस अवसरमा उपस्थित हुनुहुन्थ्यो|श्री मोदीले सेमिकन इन्डियाको सीईओको गोलमेच सम्मेलनमा पनि भाग लिनुभयो। सम्मेलनमा विश्वभरका उद्योगका दिग्गजहरूले भाग लिएका थिए।

**मुख्यमन्त्री करम पुजा**

मुख्यमंत्री ममता बनर्जीले पवित्र करम पूजाको अवसरमा आदिवासी समाजलाई शुभकामना दिनु भयो। उहाँले सोशल मीडियामा संदेश साझा गर्दै भन्नुभयो , यो पर्व केवल बंगाल मात्र होइन पुरा भारत अनि विश्वभरका आदिवासी समाजका लागि आस्था अनि सांस्कृतिक पहिचानको प्रतीक हो।

मुख्यमंत्रीले राज्य सरकारले पहिले नै यस दिनलाई सेक्शनल हॉलिडे घोषित गरेको बताउनुभयो, त्यसपछि यस दिनलाई स्टेट हॉलिडेको दर्जा दिइएको पनि उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, हाम्रो राज्यमा आज यस पवित्र दिनलाई पुरा श्रद्धाले मनाइ रहेका छौ। आदिवासी समाजको परंपराहरु अनि योगदान प्रति सम्मान जताउनका लागि यस दिवसलाई राज्य अवकाश घोषित गरिएको हो।

ममता बनर्जीले यो पनि याद दिलाउनु भयो, 15 नवंबर, भगवान बिरसा मुंडाको जयंतीमा पनि राज्यमा सरकारी अवकाश घोषित गरिएको छ। यस बाहेक पंडित रघुनाथ मुर्मू जयंती अनि हूल दिवस माथि पनि अवकाश घोषित गरी सरकारले आदिवासी समाज प्रति आफ्नो प्रतिबद्धता जताएको छ।

***मुख्यमंत्रीले भन्नुभयो, यस निर्णय आदिवासी समाज प्रति सरकारको श्रद्धा र सम्मानको प्रतीक हो।***
***अर्कोतिर दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले पनि सामाजिक सन्जाल मार्फत करम पूजाको शुभकामना दिनु भएको छ। उहाँले आदिवासी समुदायद्वारा मनाइने यस पर्व प्रकृति, भाईचारा अनि सामाजिक एकताको प्रतीक भएको***

***बताउनु भयो। उहाँले भन्नुभयो करम देवताको पूजा गरेर हामीले जीवनमा सुख, समृद्धि र शांतिको कामना गर्दछौ। सांसदले दार्जीलिंग, तराई, डुवार्सका आदिवासी संस्कृतिले समृद्ध परंपराहरुको सम्मान गर्न आग्रह गर्नुभयो। यसैक्रममा गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले अगावै करम पुजाको बिशेष दिन क्षेत्रका सबै शैक्षिक संस्थानहरुमा बिदाको घोषणा गरेको थियो।***

**भारतीय जनता पार्टी- अभियान**

भारतीय जनता पार्टीका शिर्ष नेताहरुले आगामी चाडबाडको मौसममा एक विशेष अभियान अन्तर्गत देशका विभिन्न राज्यहरूको भ्रमण गर्ने अनि त्यहाँ बसोबास गर्ने बङ्गाली भाषी प्रवासी श्रमिकहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने भएका छन्। भाजपा शासित राज्यहरूमा प्रवासी बङ्गालीहरूलाई उत्पीडन र भेदभाव गरिएको तृणमूल कङ्ग्रेस (टीएमसी) को आरोपको जवाबमा भाजपाले यो कदम चालेको हो। आप्रवासीसँग प्रत्यक्ष अन्तरक्रिया गरेर वास्तविक अवस्थालाई अगाडि ल्याउने पार्टीको रणनीति रहेको छ।

***प्रारम्भिक योजनामा पश्चिम बङ्गाल भाजपाका सांसद र विधायकसहित कुल २७ जना वरिष्ठ नेताको नाम उल्लेख गरिएको छ। यी नेताहरूले दुर्गा पूजादेखि सुरु हुने आगामी उत्सवहरूमा विभिन्न राज्यहरूको भ्रमण गर्ने र प्रवासी बङ्गालीहरूको रोजगारीको स्थिति, आय र अनुभवहरू प्रत्यक्ष रूपमा रेकर्ड गर्नेछन्। भाजपाको विश्वास छ कि यो संवादले प्रवासी श्रमिकहरू किन आफ्नो घर र परिवार छोडेर रोजगारीको खोजीमा अन्य राज्यहरूमा जान्छन् भन्ने कुरा स्पष्ट पार्नेछ। यसका साथै पश्चिम बङ्गालका कुनै पनि सरकारी वा निजी संस्थाले उनीहरूलाई अन्य राज्यमा जति तलब दिइरहेका छन्, त्यति नै तलब दिन सक्छन् कि सक्दैनन् भनेर पनि उनीहरूबाट जान्ने प्रयास गरिनेछ। पार्टीले पश्चिम बङ्गाल र अन्य राज्यहरूमा आयको ठूलो अन्तर छ र उनीहरूले कहिल्यै भाषाको आधारमा, कार्यस्थलमा वा प्रशासनिक तहमा भेदभावको सामना गर्नुपरेको छ कि छैन भनेर जान्ने प्रयास पनि यस अभियान अन्तर्गत गरिनेछ।यसैबीच पश्चिम बङ्गाल विधानसभाको विशेष सत्रको पहिलो दिन सोमबार प्रवासी बङ्गाली श्रमिकहरूमाथि भएको कथित उत्पीडनको मुद्दा चर्को स्वरमा उठेको थियो। विशेषगरी भाजपा शासित राज्यहरूमा बङ्गाली भाषी आप्रवासीहरूमाथि गरिएको व्यवहारबारे छलफल गर्न सदनमा एक प्रस्ताव पेश गरिएको थियो।***

तीन बांग्लादेशी पक्राउ

सशस्त्र सीमा बल (एसएसबी) ले तीन बांग्लादेशी नागरिकहरूलाई भारतमा अवैध रूपमा बसेको आरोपमा पक्राउ गरेको छ। पक्रा परेका बांग्लादेशी नागरिकहरूको नाम अमल चन्द्र रोय र उनका दुई छोरा गौतम रोय तथा पंकज रोय हो। सूत्रहरू अनुसार, 41औं बटालियनको कदोमनी क्याम्पका एसएसबी SSB जवानहरूले हिज गुप्त सूचनाको आधारमा खोरीबाड़ीको मयनागुड़ी गाउँमा अभियान चलाएर अमल चन्द्र रोयलाई पक्राउ गऱ्यो। जब उसको दस्तावेजहरूको तलाशी लिइयो तब भारतीय दस्तावेजमा अमल बर्मन लेखिएको थियो। अमलका दुई छोरा गौतम रोय र पंकज रोयलाई पनि पक्राउ गरियो। एसएसबीले उनीहरूदेखि केही अवैध दस्तावेज पनि जफत गऱ्यो।
सोधपुछमा एसएसबीलाई थाहा लाग्यो कि प्रीतम उर्फ पंकज अप्रेल 2024 मा भीसा लिएर आएका थिए तर भीसा समाप्त भएपछि पनि फर्केनन्। गौतमले गत साल दिसम्बरमा दलाल बनेर मेखलीगंज सीमाबाट भारतमा घुसपैठ गरेको थियो। पछि एसएसबीले अवैध घुसपैठ र भीजा समाप्त भएपनि भारतमा बसेको आरोपमा तीनै बांग्लादेशीहरूलाई हिरासतमा लिएर खोरीबाड़ी थाना पुलिसलाई सुम्प्यो। खोरीबाड़ी थाना पुलिस अग्रिम कारबाहीमा जुटेको छ।

**अनित थापा- दिपेन ठकुरी**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले आज दार्जिलिङ नगरपालिका अन्तर्गत चौरस्ताको घोडा अस्तबल परिसरको भ्रमण गर्नुभएको छ। भ्रमणको क्रममा उहाँले स्थानीयहरुलाई लापरबाही फोहोर नफ्याक्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो यहाँ फोहोर फ्याँक्ने हामी आफै हौ अनि जताततै फोहोर फ्याक्ने हाम्रो आदत पुरानो हो, जो बिस्तारै हटने छ। अर्कोतिर श्री थापासित उपस्थित रहेका दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीले शहरको स्थायी कुडादानीलाई एटीएम- मा परिणत गर्ने बताउनु भयो। उहाँले बिशेष अस्तबल छेउको भ्याट ( कुड़ादानी ) हटाएको तथा त्यस ठाउँको मैला उठाउन नगरपालिकाले अब उसो समय अनुसार नै मैला उठाउने गाडी पठाउने बताउनु भयो।

**मिरिक कलेज रजत जयन्ती**

मिरिक कलेजले आगमी 5 सेप्टेम्बरमा स्थपनाको पच्चीस बर्ष रजत जयन्ती पालन गर्ने भएको छ। जसको तयारी हाल युद्धस्तरमा भइरहेको जानकारी मिरिक कलेज संचालन समितिका अध्यक्ष पुनम विश्वले दिनु भएको छ। उहाँले समारोहमा मुख्य अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा रहने बताउनु भयो। कलेजले 25 बर्षको यात्रा तय गरेको अवसरमा कलेज स्थापनामा योगदान दिने सबैप्रति स्मरण गर्दै उक्त दिन उत्सव पालन गरिने उहाँले बताउनु भयो। उहाँले समारोहमा कलेजका संस्थापक सदस्यहरूलाई सम्मान गरिने जानकारी तथा उक्त दिन कलेजको मुखपत्र झिल्का पनि लोकार्पण गरिने बताउनु भयो।कार्यक्रममा सबैलाई सहभागी भइदिने अनुरोध गर्दै उहाँले कार्यक्रम बिहान 10-30 बजीदेखि शुरू हुने जानकारी दिनु भयो।

**मिरिक साविक सोसाइटी**

मिरिक सिभिक सोसाइटीले मिरिक नगरपालिका कार्यलयमा मिरिक नगरपालिका अध्यक्ष एलबी राईसित भेट गरि एउटा ज्ञापन पत्र सुम्पेको छ।मिरिक सिभिक सोसाइटीको यस् टोलीमा महासचिव ग्याल्बो लामा कार्यबाहक अध्यक्ष नारायण शर्मा मिरिक गोर्खा भुतपुर्व कल्याण संगठनका अध्यक्ष मिलन सुब्बाको उपस्थितिमा रहेको थियो ।यस टोलीले मिरिक नगरपालिका अध्यक्ष एलबी राई सित भेटेर विभिद समस्या अनि समाधानका लागी ज्ञापन दिएको जानकारी प्राप्त भएको छ ।मिरिक सिभिक सोसाइटीले नगर प्रमुखको भेटमा सार्वजनिक सुरक्षा, जनकल्याण, जनस्वास्थ्य र सार्वजनिक सरसफाइ सम्बन्धी छलफल गरेको छ।मिरिक सिभिक सोसाइटीको पक्षबाट जनआस्थाका विषयहरू लिएर नगरपालिका अध्यक्ष सित भेटवार्ता गरेको छ|सोसाइटीले चडाएको ज्ञापन विचार-विर्मश एवम् यस सम्बन्धी आवश्यक निर्णयहरू अनुगृहित गर्न पाउँ भनि ज्ञापनपत्रमा लेखिएको छ।जसमा बाह्र वटा बुदामा लेखिएको छ। मिरिक झिल प्रदुषणको चरम सिमामा पुगेको तथ्य पश्चिम बंगाल प्रदुषण नियंत्रण बोर्डबाट प्रेषित रिपार्ट(२१-५-२५ )अनि झिलको स्वच्छाता र संरक्षण सम्बन्ध लगायतका विषयमा चर्चा-परिचर्चा गरिनु पर्ने बताइएको छ।

**मौसम**

सितंबर महीनाभरि पश्चिम बंगालमा गति अवरोधसहित वर्षा हुनेछ। मौसमी हावा (मानसून) अक्टूबर महिनाको पहिलो वा दोस्रो सप्ताहसम्म सक्रिय रहने छ, जसकारण राज्यको विभिन्न भागमा वर्षा जारी रहने छ। उत्तर बंगालका कलिंम्पोंग, अलीपुरद्वार अनि जलपाईगुड़ी जिल्लामा भोलिदेखि वर्षाको तीव्रता घटने अनि शुक्रवार र शनिवार मौसम अपेक्षाकृत शांत रहने मौसम बिभागले जनाएको छ। तथापी , आइतबारदेखि पुनः वर्षा शुरू हुनेछ अनि आइतबार अनि सोमवार यी जिल्लाहरुमा भारी वर्षा हुने पूर्वानुमान गरिएको छ।